ने.रा.बैंक/इ.प्रा./'घ' ४७/०७३/०७४ दर्ता नं.: १४७९५१/७२/०७३

# आशा लघुवित्त वित्तीय संस्था लि.
## Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

प.स.च.नं. २६३/०७९/८०

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

मितिः २०७९/११/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

बिषय : **छैटौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेलाई नेपाल राष्ट्र बैंकबाट मिति २०७९/११/१५ गते आ.व. २०७८/७९ को वित्तीय विवरण तथा लाभांश (चुक्ता पुँजीको १४.२८५७ प्रतिशत वोनस शेयर र ०.७१४३ प्रतिशत नियमानुसार लाग्ने कर प्रयोजनार्थ नगद लाभांश) स्वीकृत प्रदान गरेकोले यस वित्तीय संस्थाको मिति २०७९/११/१६ गते बसेको सञ्चालक समितिको ११६ औं बैठकको निर्णय अनुसार छैटौं वार्षिक साधारण सभा मिति २०७९/१२/११ गते, समय : बिहानको १० बजे र स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, ककनी-०६, नुवाकोटमा हुने र सो प्रयोजनको लागि वित्तीय संस्थाको मिति २०७९/११/२६ गते शेयर दाखिल खारेज बन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७९/११/१७ गतेको पत्रिकामा प्रकाशित गरिने व्यहोरा अनुरोध गरिन्छ तथा साधारण सभाको प्रस्ताव तथा अन्य विवरण संलग्न बमोजिम रहेको व्यहोरा अनुरोध गरिन्छ ।

धन्यवाद !

भवदीय,

.................

बद्री प्रसाद दुलाल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाडौं ।

केन्द्रीय कार्यालयः ककनी-६, नुवाकोट फोन नं.: ०१०-६३०००४

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको
# छैटौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७९ साल फाल्गुन १६ गते मंगलवार बसेको सञ्चालक समितिको ११६औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्थाको छैटौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**

मिति : २०७९ चैत्र ११ गते शनिवार (तदनुसार २०२३ मार्च २५)

स्थान : संस्थाको केन्द्रीय कार्यालय, ककनी-०६, नुवाकोट ।

समय : विहान १०:०० बजे

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को ०.७१४३ प्रतिशतले हुने रकम रु. २३,८५,१००/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री के.एम.यु. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

५. स्वतन्त्र सञ्चालक नियुक्त गरिएको जानकारी गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को १४.२८५७ प्रतिशतले हुने रकम रु. ४,७७,०२,०००/- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रवन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता बृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्न (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्नकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**छैटौं वार्षिक साधारण सभा सम्वन्धी सामान्य जानकारी :**

१. छैटौं वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०७९ फाल्गुन २६ गते १ दिन शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९/११/२५ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।

२. छैटौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, ककनी, नुवाकोट र प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.ashamicrofinance.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नावालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ककनी, नुवाकोटमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

१०. सञ्चालक निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोटमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

---


आशा आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : ककनी-६ नुवाकोट, नेपाल
फोन नं. ०१०-६३०००४
E-mail: ashamicrofinance@gmail.com
Website www.ashamicrofinance.com.np


आशा
आशा लघुवित वितीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट